# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकको स्वतन्त्र सञ्चालकमा श्री उमेश कुमार आचार्य नियुक्त

मिति: २०८१/०४/१६

मुक्तिनाथ विकास बैंक लि.को संचालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ (३) बमोजिम श्री उमेश कुमार आचार्यलाई बैंकको स्वतन्त्र संचालकमा नियुक्त गरेको छ। करिव २० वर्ष भन्दा बढी समय बैंकिङ्ग क्षेत्रमा बिताउनु भएका वहाँले तत्कालिन कामना विकास बैंक सहित विभिन्न वित्तीय संस्थामा १३ वर्ष प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गरेका थिए। नेपालमा उहाँ एक बैंकिङ्ग विज्ञको रुपमा परिचित हुनुहुन्छ र साथै, विभिन्नृ निकायहरुमा नीतिगत परामर्शदाताको रुपमा कार्य गर्दै आउनुभएको छ। उहाँले पोखरा विश्वविद्यालयबाट Business Administration विषयमा स्नातकोत्तर तह मा अध्ययन गर्नुभएको छ।



बैंकले **नेपालमै टिक्न ,सजिलो छ** भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरु ल्याएको छ। बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा *मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३)* आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग

Winner of
EUROPEAN
MICROFINANCE
AWARD